# १२ औं नगर सभाको बैठकमा २०७९ पौष १४ गते नगर उप-प्रमुख एवम् नगर सभाका उपाध्यक्ष श्री राजेश बानिया ज्यूले प्रस्तुत गर्नु भएको

# आ.व. २०७९।०८० को नीति, कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्य

हेटौडा उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**२०७९/०८०**

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभा सदस्यज्यूहरु ।**

१. संघीय शासन प्रणालीको कार्यान्वयन पश्चात स्थानीय तहको दोश्रो कार्यकालको प्रथम वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्दै यस उपमहानगरपालिकाको बाह्रौं नगर सभा समक्ष उपस्थित हुँदा गर्व महशुस भएको छ । यस अवसरमा आर्थिक वर्ष २०७९।८० को वर्तमान अवधिसम्मको समीक्षा सहितको संशोधित बजेट नीति तथा कार्यक्रम एवम् बजेटका विषय यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा थप उत्साहित भएको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र यसको सफल कार्यान्वयनका लागि विभिन्न समयक्रमको संघर्ष, आन्दोलनमा वलिदान प्राप्त गर्नुहुने महान सहिदहरुप्रति पुनः एक पटक हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । उपमहानगरपालिकालाई यो अवस्थासम्म ल्याई पु¥याउन अथक प्रयास गर्नुहुने समस्त जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, निजी क्षेत्र, नागरीक समाज, सञ्चारकर्मी मित्रहरु, कर्मचारीहरु तथा समस्त नगरवासीहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

३. संविधान कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी मूलतः संक्रमणकाल समाप्त भई स्थायित्व विकसित हुँदै गएको घडीमा यस गरीमामय सभामा गत २०७९ आषाढ २० मा सम्पन्न नगर सभाबाट स्वीकृत चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको समीक्षा सहित संशोधित कार्यक्रम माथि छलफल गरी सम्मानित सभाले विकासको मार्ग प्रशस्त गर्नेछ भन्ने विश्वास लिएको छु ।

४. "सफा, हरियालीयुक्त, फूलैफूलको सहर हेटौडा" भन्ने सोचका साथ नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा प्रदेश सरकारको "स्वस्थ, सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" को राष्ट्रिय तथा प्रादेशिक आकांक्षा पूरा गर्ने अभियानप्रति उपमहानगरपालिका पूर्ण प्रतिबद्ध छ ।

५. राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवम् प्रवर्द्धन गर्ने तथा नागरीकका समस्याहरु पहिचान गरी सम्बोधन गर्ने जनताका जनप्रतिनिधि नै हुन् भन्ने विश्वास आम रुपमा बलियो

हुँदै गएको छ । जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन एवम् जनताको सुख दुःखमा साथ दिने गरी सशक्त बन्दै गइरहेको छ । जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त, सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माण गर्न स्थानीय सरकार दृढ छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. पूर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमहरु मध्ये २५८ वटा योजनाहरु सम्झौता भएकोमा ४८ वटा योजनाहरु सम्पन्न भएका छन् भने २१० वटा कार्यान्वयनको चरणमा रहेका छन । गत आर्थिक वर्षको जिम्मेवारी सरी आएको योजनाहरु मध्ये ८४ वटा योजनाहरु सम्पन्न भएका छन् । पूर्वाधार विकास कार्यक्रमको भौतिक प्रगति तर्फ प्रथम चौमासिक अवधिमा कंक्रिट सडक ३ कि.मि., कल्भर्ट ४ वटा, शैक्षिक पूर्वाधार तर्फ १ वटा, गुम्बा निर्माण तर्फ ३ वटा, मन्दिर निर्माण तर्फ १० वटा, तटबन्धन १ वटा, शौचालय तर्फ ४ वटा, सामुदायिक भवन १२ वटा, मदरसा १ वटा र पार्क ४ वटा निर्माण कार्य सम्पन्न भएका छन् । सडक पूर्वाधार तर्फ ५६ वटा र अन्य १८ वटा योजना सम्पन्न भई सडक तर्फ ८ कि.मि स्ल्याव ढलान निर्माण सम्पन्न भएको छ।

७. योजना अनुगमन, जाँचपास तथा फरफारक समितिले १३२ वटा योजनाहरुको स्थलगत अनुगमन गरी फरफारकको भुक्तानीका लागि सिफारिस गरिएको छ।

८. यस उपमहानगरपालिकाको गौरवका आयोजनाको रुपमा रहेको वडा नं.१० स्थित एकिकृत बस टर्मिनल निर्माण कार्यको भौतिक प्रगति ६५ प्रतिशत हासिल भएको छ । चालु आ.व. को अन्त्य सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ कार्य अगाडी बढाईएको छ ।

९. बागमती प्रदेश सरकार समपूरक अनुदान कार्यक्रम अन्तर्गत रु. ३ करोड लागतमा हेटौंडा १६ र १७ चक्रपथ सडक स्तरोन्नती कार्य ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य गर्न निर्माण

व्यवसायी छनौटको कार्य अगाडी बढाईएको छ । यसैगरी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत हेटौंडा १२ स्थित आल्दमार, आँपधाप हुँदै वडा कार्यालय जोड्ने सडक स्तरोन्नती कार्यको ठेक्का प्रक्रिया अघि बढाईएको छ ।

१०. सबै वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गर्ने लक्ष्य अनुरुप १२ नं. वडाको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ ।७ नं. वडाको कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । त्यसैगरी १६ नं. वडा कार्यालय भवन निर्माण कार्यको प्रारम्भिक प्रक्रिया अघि बढाईएको छ ।

११. हेटौंडा-४ स्थित बासुदेव सभागृह रहेको स्थानमा आधुनिक, समय सापेक्ष, सुविधायुक्त सभागृह सहितको बहुउद्धेश्यीय व्यवसायिक कम्पलेक्स भवन निर्माण योजना अन्तर्गत निर्माण स्थलमा रहेको पुरानो संरचना हटाउने कार्य सम्पन्न भई योजनाको थप कार्य अघि बढाइएको छ ।

१२. हेटौंडा १० स्थित अन्तिम फोहोर विर्सजन स्थललाई आवश्यक बजेट व्यवस्थापन सहित थप .

व्यवस्थित गर्न उक्त क्षेत्रमा तारवारको साथै जस्ताले घेराबारा गर्ने र स्तरोन्नती गर्ने कार्यको प्रारम्भिक प्रक्रिया अगाडि बढाइएको छ ।

१३. हेटौंडा-१७ स्थित नेपाल चौरमा फुटसल निर्माण कार्य सम्झौता भई निर्माण कार्य अगाडी बढाइएको छ ।

१४. बसपार्कमा रहेको थोक तरकारी बजारलाई आवस्यक पूर्वाधार सहित स्थानान्तरण गरी हेटौंडा-१ स्थित चौकिटोल क्षेत्रमा सञ्चालनमा ल्याइएको छ।

**नगर सभाका अध्यक्ष महोदय,**

१५. चालु आ.व. को स्वीकृत युवा लक्षित कृषि विकास कार्यक्रम, कृषि फार्म प्रवर्धन कार्यक्रम, कृषि बाली विकास तथा संरक्षण कार्यक्रम अन्तर्गत प्लाष्टिक पोखरी, कृषि यान्त्रिकीकरण लगायत अनुदान कार्यक्रमको प्रस्ताव संकलन कार्य भईरहेको छ । वडा नं. ६, १३ र १५ मा चार महिने कृषक पाठशाला संचालन भईरहेको छ ।

१६. हेटौंडा १६ मा स्थापना भएको माटो परीक्षण प्रयोगशालाबाट नियमित माटो जाँचको कार्य भईरहेको छ ।

१७. पशुपंक्षी विकास अन्तर्गत कृतिम गर्भाधान कार्यक्रमको लागि शिथ ग्लोव खरिद गरी सेवा निरन्तर गरिएको छ । बस्तिपुर सेवा केन्द्रमा विभिन्न संक्रामक रोग परीक्षणको लागि ल्याब संचालन गरिएको छ ।

१८. नयाँ पशु सेवा केन्द्र ३ वटा र कृषि सेवा केन्द्र २ वटा स्थापना तथा विस्तार गरिएको छ । सेवा केन्द्रको दैनिक सेवा प्रवाहको लागि आवश्यक उपकरण, टुल किट खरिद गरिएको छ । सेवा केन्द्रहरुबाट गाईहरुमा गरीने कृतिम गर्भाधान कार्यक्रम र खोप कार्यक्रम नियमित संचालन गरिएको छ । मासु पसल अनुगमन र दर्ता प्रक्रियामा मापदण्ड हेरी सिफारिस गरिएको छ ।

१९. विश्व रेविज दिवस सप्ताहव्यापी कार्यक्रम सहित आयोजना गरी २०० वटा कुकुरलाई रेविज विरुद्ध खोप लगाई रेविज कोर्ड वितरण गरिएको छ ।

२०. यस अवधि बिचमा पशुपंक्षी विकास शाखा तर्फ मेडिकल उपचार २७४१ पशु, गाइनोक्लोजिकल उपचार ५५७ पशु, माइनर सर्जिकल ५२६ पशु, गोबर परीक्षण ४५३ पशु, रगत परीक्षण ५२ पशु, खोरेत रोग विरुद्धको खोप सेवा १३००० पशु, कृतिम गर्भाधान कार्यक्रम ५००० पशु, रेविज विरुद्ध २०० पशुलाई सेवा प्रदान गरिएको छ ।

२१. वडा नं. ६,७,८,१३,१४,१५ र १८ मा पशु स्वास्थ घुम्ति शिविर सेवा संचालन गरिएको छ ।

२२. सेवा केन्द्रहरुबाट जै घाँस ५३०७ के.जी. र वर्सिम ३०० के.जी. घाँसको विऊ विवरण गरिएको छ ।

२३. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना अन्तर्गत स्थानीय तहवाट संचालन गर्ने गरी संघीय सरकारबाट प्राप्त सशर्त अनुदानवाट गत बर्षबाट संचालनमा आएका एक एक वटा मेवा पकेट हेटौंडा १८ र तरकारी पकेट हेटौंडा ७ का लागि चालु आ.व.मा प्राप्त कार्यक्रम निरन्तरताको लागि कार्यक्रमको सम्झौता प्रक्रिया अगाडी बढाईएको छ ।

२४. नगरको गौरवको आयोजनाको रुपमा वागमती प्रदेश सरकारसंगको लागत साझेदारीमा हेटौंडा ११ को थानाभऱ्याङ्गमा प्रादेशिक फलफूल तथा तरकारी थोक केन्द्र निर्माणको

कार्य ७५ प्रतिशत सम्पन्न भएको र तोकिएको समय भन्दा अगाडी नै सम्पन्न हुने लक्ष्यका साथ कार्य भईरहेको छ ।

२५. यस अवधिमा ५७ वटा सहकारी संस्थाहरुलाई कोपोमिस तालिम संचालन गरिएको छ । १७५ वटा सहकारी संस्थाको अनुगमन गरिएको छ । साथै सहकारी संस्थाहरुको विनियम स्वीकृति तथा साधारण भेला आयोजनामा समन्वय गरिएको छ ।

२६. साविक जिल्ला विकास समितिमा दर्ता भई यस कार्यालयमा नवीकरणका लागि आएका घ वर्गको निर्माण व्यवसाय इजाजत मध्ये चालु आ.व.मा १७८ वटा नवीकरण, २२ वटा नामसारी, १ वटा नयाँ दर्ता र ४ वटा नयाँ दर्ताको प्रक्रियामा रहेको छ ।

२७. उपमहानगरपालिका भित्रका उद्यमीले उत्पादन गरेका वस्तुको बजारीकरणको लागि जाल्पादेवी महिला उद्यमी केन्द्रको समन्वयमा हेटौंडा ४ मा कोसेली घर संचालन गरिएको छ । ढाका कपडा उत्पादक १२ जना महिला उद्यमीहरुलाई उत्पादनसँग जोड्न आवश्यक विऊ पूँजी अनुदान उपलब्ध गराउने प्रकृया अगाडी बढाईएको छ ।

२८. मेड्पा कार्यक्रम अन्तर्गत छनौट भएका वडाहरु मध्ये वडा नं. ६, ७ र १९ मा वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भई लक्षित वर्ग छनौट प्रक्रियामा रहेको र अन्य ३ वटा वडामा कार्यक्रम संचालनको लागि आवश्यक समन्वय भईरहेको छ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका उद्यमहरुको अवलोकन गरिएको छ । उद्यमी श्रृजना तथा उद्योग संचालनको क्षेत्रमा प्रस्तावना लेखन र कार्यक्रम संचलनको प्रक्रिया अगाडी बढाईएको छ ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १९ वटै वडामा सूचीकृत ८८५ बेरोजगार व्यक्तिहरुको नामावली EMIS मा प्रविष्ट गरिएको छ । साथै वडा स्तरबाट छनौट तथा सिफारिस भई आएका श्रममुलक योजनाहरु अन्तिम स्वीकृतिका लागि फिल्ड अनुगमन लगायत आवश्यक कार्य अघि बढाईएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म चालु आ.व. को मंसिर मसान्तसम्मको राजश्व अनुमान तथा प्रगति प्रस्तुत गर्न चाहन्छु ।

३०. चालु आ.व.को लागि यस उपमहानगरपालिकाले संकलन गर्न पाउने बिभिन्न शिर्षक मध्ये कवाडी कर, सडक पूर्वाधार मर्मत संभार शुल्क विभिन्न चरणमा ठेक्का आव्हान गर्दा कुनै प्रस्ताव पेश नभएकोले अमानतमा संकलन कार्य भईरहेको, सार्वजनिक शौचालय प्रयोग शुल्क, विज्ञापन करको ठेक्का सम्झौता भैसकेको र पशु हाटबजार संकलन ठेक्का सम्झौताको भई कार्य अगाडी बढेको छ ।

३१. संघीय सरकारद्वारा गत २०७७ श्रावणमा जारी ढुंगा, गिट्टि, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ का केही प्रावधानहरुका कारण नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा) उत्खनन, संकलन तथा विक्री वितरण हुन सकेको छैन । नदीजन्य निर्माण सामाग्रीको अभावमा विकास निर्माणका कार्यहरु अवरुद्ध हुन पुगेका छन् । यसरी ठेक्का मार्फत राजश्व संकलन गर्न नपाउँदा नदीजन्य पदार्थहरुको चोरी निकासी बढेको र त्यसलाई नियन्त्रण गर्ने क्रममा पक्राउ परेका ढुवानीका साधनहरुमा लगाइएको जरिवानाबाट रु.७ लाख ४० हजार, गत आ.व.को नदीजन्य ठेक्का आव्हानमा हाइवे कन्ट्रक्सन प्रा.लि., भरतपुरले सकार गरे बमोजिम संझौता गर्न नआएको हुँदा निजको बोलपत्र जमानत रकम अशुलउपर गरी हेटौंडा उपमहानगरपालिकाको सिफारिस बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंले १ वर्षको लागि उक्त हाइवे कन्ट्रक्सन प्रा.लि., भरतपुरलाई कालो सूचीमा राखिएको छ ।

३२. नदीजन्य पदार्थ (ग्राभेल) उत्खनन तथा बिक्रीको लागि प्रचलित व्यवस्था अनुसार IEE गर्न लगाई प्राप्त प्रतिबेदन अनुसार सम्बन्धित निकायबाट स्विकृति प्रक्रिया अगाडी बढाईएको छ ।

३३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपमहानगरपालिकाको राजश्व आयका स्रोतहरुको पहिचानका लागि संभावित स्रोतहरु, करका दर र दायरा आदिको अध्ययन, विश्लेषण तथा आगामी ३ वर्षको राजश्व प्रक्षेपण गरी उपमहानगरपालिकाको राजश्वका आयामहरु पहिचान गर्न र स्रोतको सुनिश्चितताको लागि नगर विकास कोषको सहयोगमा राजश्व अध्ययन तथा प्रक्षेपण गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

३४. नगर क्षेत्रका विभिन्न कारणवाट ब्यवसाय दर्ता हुन छुट भएका ब्यवसायीहरुलाई करको दायरामा ल्याउने उद्देश्यले दर्ता नभएका व्यवसायीहरुको विवरण संकलन कार्यका लागि १९ वटै वडाहरुमा टोली परिचालन गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

३५. न्यायिक समिति अन्तर्गत चालु आ.व. को यस अवधि बिचमा ८६ वटा विवाद दर्ता भएको जसमध्ये मिलापत्र भएको १८, फैसला १, मुद्धा फिर्ता १, विपक्षी अदालत गएको १, पक्षहरु उपस्थित नभएको १, मेलमिलाप हुन नसकेको ९ र प्रक्रियामा रहेको ५५ वटा विबादहरु रहेका छन ।

३६. न्यायिक डबली रेडियो कार्यक्रम पाक्षिक रुपमा निरन्तर संचालनमा रहेको छ। न्यायिक समिति अन्तर्गत सन्देशमुलक कपी छपाई, कानुनका विद्यार्थीसंग न्यायिक समिति कार्यक्रम सम्पन्न भएको छ।

३७. चालु आ.व.को यस अवधिमा कानून मस्यौदा समिति अन्तर्गत नियमावली १, कार्यविधि ५, मापदण्ड १, स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

३८. उपभोग्य खाद्यबस्तुको गुणस्तर तथा मिसावटको अवस्था परीक्षण गरी नियमन गर्न उपमहानगरपालिका कार्यालय हाताभित्र खाद्य परीक्षण प्रयोगशाला सञ्चालनमा रहेकोमा चालु आ.व. को मंसिर मसान्तसम्ममा विभिन्न १४ वटा नमूना परीक्षण गरिएको छ। यस अवधिमा दूध, पिउने पानी, ध्यू, तेल, खुवा जस्ता खाद्य बस्तुको नमूना परीक्षण गरिएको छ। खाद्य वस्तुको गुणस्तर तथा नापतौलको विषयमा १३ पटक बजार अनुगमन गरिएको छ। साथै कार्यालयको संयोजन, उपभोक्ता मञ्च, स्थानीय प्रशासन लगायत अन्य निकाय समेतको सहभागितामा ३ पटक (२१ वटा व्यवसायको) बजार अनुगमन गरी आवश्यक कारबाही एवम् जरिबाना गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

३९. सुशासन तर्फ यस उपमहानगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा सुसूचित गराउन नियमित सूचनाहरु सार्वजनिक भईरहेको छ। स्थानीय रेडियो, दैनिक पत्रिका, साप्ताहिक पत्रिका र अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि आवश्यक सूचनाहरु

नियमित प्रशारण तथा प्रकाशन भइरहेको छ । साथै १९ वटै वडाहरुमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यहरु भइरहेको छ ।

४०. कार्यालयको गतिविधि, सेवा प्रवाहको जानकारी एवम् सार्वजनिक सूचना प्रवाह गर्न कार्यालयले संचालन गरेको वेभसाईट, फेसबुक पेज तथा अन्य सामाजिक संजालहरु नियमित अपडेट भैरहेको छ । सूचना प्रवाहमा रेडियो, पत्रपत्रिका, अनलाईन मार्फत नियमित सूचना प्रकाशन गरिएको छ।

४१. नेपाल सरकारद्धारा जारी गरिएको एकिकृत अपाङ्गता सूचना व्यवस्थापन प्रणाली मार्फत सेवा प्रवाह सुचारु गरिएको छ।

४२. विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकिकृत सूचना प्रणाली तयार भई विभिन्न विद्यालयहरुको परीक्षा नतिजा प्रकाशन अनलाईन मार्फत सुरु गरिएको छ।

४३. यस हेटौंडा उपमहानगरपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचना तयारीको लागि प्रक्रिया अगाडी बढाईएको छ ।

४४. मेट्रिक्स ठेगाना प्रणाली अनुसार घर नम्बरको लागि प्रक्रिया अगाडी बढाईएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

४५. यस नगरीलाई फूलैफूलको शहरको रुपमा विकास गर्ने योजना अनुरुप चालु आ.व. को मंसिर मसान्तसम्म मुख्य बजार क्षेत्रका विभिन्न स्थानमा ५ हजार १ सय २३ वटा विभिन्न जातका फूल विरुवा लगाउने कार्य सम्पन्न भएको छ। त्यसैरी विभिन्न स्थानमा १ सय १ वटा विरुवा सहितको गमला राखिएको छ ।

४६. फोहोरमैला संकलनको लागि आधुनिक सवारी साधन गार्बेज कम्प्याक्टर खरिद भई संचालनमा ल्याईएको छ ।

४७. बढ्दो शहरीकरणलाई ध्यानमा राखी जनमानसको बढी भिडभाड हुने क्षेत्रमा सहजताको लागि मोवाइल शौचालय खरिद गरिएको छ ।

४८. जोखिम व्यवस्थापनका लागि मुख्य बजार क्षेत्र लगायत अन्य स्थानमा करिव १ हजार २ सय ६५ वटा खतराजन्य रुख काँटछाँट गरिएको छ ।

४९. यस अवधि विचमा शववहानले १३१ पटक सेवा प्रदान गरेको छ। १५ वटा वेवारिसे लास सतगत गरिएको छ। शवदाह मेसिनबाट १७१ वटा शव निःशुल्क सदगद गरिएको छ । लेदोजन्य सेफ्टि टयाङ्कको फोहोर व्यवस्थापन गर्न सक्सन मेसिनले २९ पटक सेवा प्रदान गरेको छ। साथै बारुण यन्त्रबाट ३२ स्थानमा आगलागी नियन्त्रण गरिएको छ ।

५०. डिभिजन वन कार्यालयसँगको समन्वयमा वन विज्ञान अध्यय संस्थानको गेटबाट राम मन्दिर बस पार्क हुँदै राप्ती पुलसम्म सघन सरसफाई अभियान संचालन गरी मासिक रुपमा विशेष सरसफाई कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

५१. फोहरमैला व्यवस्थापन अन्तर्गत साझेदार संस्था ग्रिन एण्ड क्लिन सिटी सर्भिसेस प्रा.लि. सँगको साझेदारीमा संचालित शुल्कमा आधारित फोहर संकलन कार्यको सम्झौता म्याद २०७९ मंसिर मसान्तबाट समाप्त भएकोमा आगामी ३ वर्षको लागि साझेदार संस्था छनौटको प्रक्रिया अगाडी बढाईएको छ ।

५२. किटजन्य रोगको महामारी रोकथाम अन्तर्गत यस नगरको मुख्य बजार क्षेत्रमा डेंगु रोगको प्रकोप गम्भिर देखिएको कारण नगर क्षेत्र भित्र डिसइन्फेक्टेन्ट छर्ने, नाला सफाई, सडक छेउको झार फडानी गर्ने, ग्यारेजबाट टायरहरु उठाउने र सबै वडाहरुमा वडा स्तरिय जनचेतना जगाउने कार्यहरु र सरसफाई अभियान बृहत रुपमा संचालन गरिएको छ । र डेंगु रोग परीक्षणका लागि टेष्टकिटको अभाव देखिएकोले २,००० थान किट खरिद गरी हेटौंडा अस्पताल मार्फत निःशुल्क परीक्षणको व्यवस्था मिलाईएको छ ।

५३. "सफा हेटौंडा अभियान" अन्तर्गत विभिन्न संघ संस्था, टोल विकास संस्था, विद्यालय, वडा कार्यालयको संयोजनमा विशेष सरसफाई र वृक्षारोपण अभियान प्रत्येक हप्ताको शनिबार बिहान संचालन गरिदै आएको छ । संघ संस्था र कार्यालयहरुलाई माग अनुसार फोहरमैला व्यवस्थापनका लागि डष्टविन वितरण गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**अब म सुशासन प्रवर्धन तथा कार्यालयबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन संस्थागत सुदृढिकरण तथा संस्थागत सुधार अन्तर्गत यस अवधि बिचमा सम्पन्न भएका कार्यहरुको प्रगति अवस्था यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

५४. कर्मचारीको वृत्ति विकास अन्तर्गत "स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७८" बमोजिम चौथो तहमा १ जना, पाँचौ तहमा १ जना, छैठौं तहमा ३२ जना, ७ औं तहमा ११ जना र ८ औं तहमा ३ जनालाई तह वृद्धि गरिएको छ ।

५५. कार्यालयमा कार्यरत ९ जना उत्कृष्ठ कर्मचारीहरु छनौट तथा निर्णय कार्य सम्पन्न भई सम्मान तथा पुरस्कारको लागि प्रक्रिया अगाडी बढाईएको छ ।

५६. संगठनात्मक संरचना पुनरावलोकन गर्न O and M को तयारी कार्यको लागि बजेट विनियोजन भई कार्य प्रारम्भ गरिएको छ । कर्मचारीहरुको व्यक्ति गत अभिलेख नियमित अद्यावधिक गरिएको छ ।

५७. कार्यलयको सेवा प्रभावलाई प्रवाहकारी बनाउन महाशाखा, शाखा प्रमुखहरु तथा वडा सचिवहरुसँग नियमित अन्तरक्रिया र छलफल कार्यक्रम गरिएको छ । सेवा केन्द्रहरु, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको सेवा प्रभावको अवस्था अनुगमन गरिएको छ । छिटो छरितो सेवा प्रवाहका लागि जिम्मेवार अधिकारीहरुलाई कार्य विवरण सहित अधिकार प्रत्यायोजन गरिएको छ ।

५८. सुशासन प्रवर्धनका लागि कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ । सेवाग्राहीहरुको गुनासो सुनुवाई तथा आवश्यक सहजिकरणको लागि **हटलाईन सेवा संचालन र हेल्प डेस्कको** व्यवस्था गरिएको छ ।

५९. कर्मचारीहरुको वृत्ति विकासका लागि विभिन्न पद तथा सेवाका कर्मचारीहरुलाई सेवाकालिन तालिम तथा छोटा अवधिका तालिम तथा कार्यक्रममा सहभागी गराईएको छ ।

६०. कार्यालयमा रिक्त आवश्यक जनशक्ति व्यवस्थापन गर्न स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम माग आकृति फारम भरी नियमित रुपमा प्रदेश लोक सेवा आयोगमा पठाईएको छ । आवश्यकताका आधारमा ५ जना

नगर प्रहरी, २ जना वारुणयन्त्र सिपाही र ५ जना इलेक्ट्रिकल हेल्पर प्रतिस्पर्धा गराई करार सेवामा पदपूर्ति गरिएको छ ।

६१. चालु आ.व. को यस अवधिमा कार्यालय संचालन तथा सेवा प्रवाह तर्फ हेर्दा नेपाली नागरीकता प्रमाणपत्रका लागि सिफारिस १ हजार ५९, नागरीकता प्रतिलिपि सिफारिस १ हजार ६ सय १०, चारकिल्ला प्रमाणित सिफारिस २ हजार ८ सय ३८, नाता प्रमाणित सिफारिस ३ सय ३९, खानेपानी धारा जडान सिफारिस ३ सय ७१, बिजुली जडान सिफारिस ५ सय ६१, वस्तुगत विवरण प्रमाणित १ हजार ९ सय ६७, जग्गा नामसारी सिफारिस २ सय १६, नाता सम्बन्ध प्रमाणित ११ सय ३ र अन्य सिफारिसहरु १५ हजार ७ सय १३ उपलब्ध गराइएको छ ।

६२. भवन ईजाजत तर्फ चालु आ.व.को मंसिर मसान्तसम्म भवन निर्माणका लागि नक्सा दर्ता १ सय ३७, नक्सा स्वीकृति १ सय ६५, नक्सा म्याद थप ४, नक्सा नामसारी ४१ रहेको छ ।

६३. व्यक्तिगत घटना दर्ता तर्फ चालु आ.ब.को मंसिर मसान्तसम्म जन्म दर्ता १२ सय २०, मृत्यु दर्ता ३ सय ९१, विवाह दर्ता ६ सय ५०, सम्बन्ध बिच्छेद १ सय ६ र बसाई सराई २ हजार ४ सय ४ गरी कूल ३ हजार १ सय ४८ व्यक्तिगत घटना दर्ता भएको छ ।

६४. चालु आ.व. को प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरीक (७० वर्ष माथि) ७ हजार ८६७ जना, जेष्ठ नागरीक दलित ३७५ जना, जेष्ठ नागरीक एकल महिला (६० वर्ष माथि) १ हजार ३६७ जना, विधवा महिला (६० बर्ष भन्दा कम) २ दुई हजार १४९ जना, पूर्ण अपाङ्ग २३६ जना, आंशिक अपाङ्ग ५०७ जना र दलित बालबालिका (५ वर्ष भन्दा कम) ४८७ जना गरी जम्मा १२ हजार ९८७ जना लाभग्राहीहरु रहेका छन। १९ वटै वडाहरुको सम्पूर्ण लाभग्राहीहरुको चालु आ.व. को प्रथम त्रैमासिक अन्तर्गतको किस्ता रु १२ करोड ६२ लाख ५२ हजार ८१ रुपैया पूर्ण रुपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिएको छ ।

६५. गै.स.स.बाट नगरक्षेत्र भित्र सञ्चालन गरीने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र समन्वयलाई व्यवस्थित गर्न उपमहानगरपालिकाको स्वीकृत कार्यविधि बमोजिम

नगर परियोजना परामर्श समितिको चार पटक बैठक बसी गै.स.स.हरुलाई कार्यक्रम सञ्चालन अनुमति एवम् संस्था दर्ता नवीकरणको लागि सिफारिस गरिएको छ ।

६६. अपाङ्गता भएका विभिन्न वर्गका कूल १२९ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । विभिन्न कारणबाट अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी १५ थान ह्वील चियर खरिद गरी वितरण गरिएको छ ।

६७. दिवसीय कार्यक्रम अन्तर्गत अन्तराष्ट्रिय बाल अधिकार दिवस, लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका छन ।

६८. आगामी २०८० मंसिर मसान्तसम्म यस उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्वन भएको स्थानीय तह घोषणा गर्न कार्ययोजना अनुरुप आवश्यक कार्यहरु सम्पन्न गर्ने क्रममा चालु आ.व. को यस अवधिमा नीतिगत तथा प्रक्रियागत कार्यान्वयनको लागि अवलम्वन तथा घोषणा सम्बन्धी नगर स्तरीय कार्यक्रम, सूचक तथा प्रश्नावली सम्बन्धी कार्यक्रम, नीतिगत तथा प्रक्रियागत वडा स्तरीय अभिमुखीकरण कार्यक्रम, वडा सचिवहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ । घोषणाको तयारीका लागि आवश्यक कार्य सम्पन्न गर्न आवश्यक जनशक्ति तथ्याङ्क संकलक, नगर तथा वडा स्तरीय सहजकर्ताको भर्ना प्रक्रिया अगाडी बढाईएको छ । यसै सन्दर्भमा उपमहानगरपालिकाको बाल अधिकार संरक्षण नीति निर्माणको प्रक्रिया अघि बढाईएको छ । समुदायमा आधारित एकिकृत बाल संरक्षण प्रणाली स्थापित गर्न छलफल कार्यक्रम सम्पन्न गरिएको छ । ८ वटा बाल गृहहरुको अनुगमन गरिएको छ ।

६९. अन्तराष्ट्रिय जेष्ठ नागरीक दिवसको अवसरमा जेष्ठ नागरीक जिल्ला संघको सहकार्यमा १९ वटै वडाका ३/३ जना जेष्ठ विपन्न नागरीक र १/१ जना उत्कृष्ठ स्याहार कर्तालाई सम्मान गरिएको छ ।

७०. सिविन नेपालको समन्वयमा लागु पदार्थ विरुद्ध कार्य गर्ने संस्थाहरुको सहभागितामा लागु पदार्थ विरुद्ध छलफल तथा प्रतिवद्धता कार्यक्रम सम्पन्न भएको छ । बाल विबाह, बाल श्रम, यौनजन्य दुर्व्यवहार, मानव विखन विरुद्ध नियमित रुपमा सन्देशमूलक सामाग्री प्रसारण गर्दै आईरहेको छ।

७१. उपमहानगरपालिकाका सबै वडाहरुमा २० वटा जनस्वास्थ्य तर्फका र २ वटा आयुर्वेद तर्फका गरी २२ वटा स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा उपलब्ध गराइएको छ ।

७२. सहयोगापेक्षी सडक मानवमुक्त मकवानपुर घोषणालाई आवश्यक समन्वय र सहयोग गरिएको छ । मानव सेवा आश्रमको संचालन व्यवस्थापन तथा औषधी उपचारको लागि आवश्यक सहयोग उपलब्ध गराइएको छ ।

७३. सामाजिक विकास तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रम, जातिय छुवाछुत विरुद्धको सचेतना कार्यक्रम, श्याम प्रसाद शर्मा स्मृति पार्कमा प्रतिमा स्थापना, सांस्कृतिक सामाग्री सहयोग, लागु औषध विरुद्ध सचेतना कार्यक्रम, सिस्नुपानी देउसी कार्यक्रम, महिला हिंसा सचेतना कार्यक्रम, संस्कृति संरक्षण तथा प्रवर्धन कार्यक्रम, क्षमता विकास कार्यक्रम र विभिन्न खेलकुद प्रतियोगिता आयोजना सहकार्यका कूल ३९ योजना तथा कार्यक्रमहरु सम्पन्न भएको र ८ वटा कार्यक्रमको प्रक्रिया अगाडी बढाईएको छ ।

७४. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत कर्मचारीहरुको क्षमता विकास, सामुदायिक अभिमुखीकरण, रिटर्नी स्वयंसेवक परिचालन, वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन, मनोसामाजिक परामर्श सेवा संचालन गरिएको छ । यस अवधि बिचमा वैदेशिक रोजगारमा जान इच्छुक २१८४ जनालाई सूचना तथा परामर्श सेवा प्रदान र ६०८ जनालाई रिटर्नी स्वयंसेवक मार्फत सूचना प्रदान गरिएको छ । आप्रवासी स्रोत केन्द्रमा ४६ वटा केशहरु प्राप्त भएकोमा सहजिकरण मार्फत १६ वटा केशहरु समाधान भएका छन् । दिवसीय कार्यक्रम, सूचना सामाग्री प्रकाशन, रेडियो जिंगल प्रसारण, समन्वय बैठक सम्पन्न भएको छ ।

७५. बुढ्यौली साहित्य समाज मकवानपुरको आयोजनामा यस जिल्लाका अग्रज कवि तथा साहित्यकार श्री तुलसी थापालाई नागरीक अभिनन्दन गर्न आवश्यक सहयोग गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

७६. स्थानीय विकासको प्रक्रियामा योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका चरणहरुमा नागरीक सहभागितालाई प्रवर्धन गर्न संस्थागत रुपमा अघि बढाइएको टोल विकास संस्था गठन, परिचालन र क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिइएको छ।चालु आ.ब.को मंसिर मसान्तसम्म उपमहानगरपालिका क्षेत्रभित्र ३५९ वटा टोल विकास संस्थाहरु दर्ता भई क्रियाशील रहेका छन । टोल विकास संस्थाको व्यवस्थित परिचालनको लागि टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरिएको छ । नगर स्तरिय समन्वय समितिको पुनर्गठन गरिएको छ ।

७७. नगरक्षेत्र भित्रका अति बिपन्न, सिमान्तकृत परिवारको स्वास्थ्य विमाको कार्यक्रमलाई निरन्तरता दिदै चालु आ.व.को यस अवधिमा आर्थिक रुपले विपन्न समुदायका ७८० परिवारको स्वास्थ्य विमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

७८. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) सहित पोषणयुक्त कोशेली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ। चालु आ.व. को यस अवधिमा ४ सय २८ महिलालाई स्वास्थ्य चेकजाँच र पोषण कोशेली उपलब्ध गराईएको छ ।

७९. कोभिड १९ विरुद्धको खोप कार्यक्रम ९ हजार ४०० जना, ५ देखि १२ वर्ष सम्मका विद्यार्थीहरुलाई फाइजर खोप १९ हजार ८ सय ८७ खोप लगाउनुका साथै ५ वर्ष माथिका १६ हजार बालबालिकाहरुलाई जुकाको औषधी खुवाईएको छ । भिटामिन ए कार्यक्रमको क्रममा १४ हजार बालबालिकाहरुलाई भिटामिन ए खुवाईएको छ । डेंगु रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुटेको वास स्थान खोजि तथा नष्ट अभियान संचालन गरिएको छ ।

८०. स्वास्थ्य तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार सबै स्वास्थ्य संस्थाको प्रमुख सहितको सहभागितामा स्वास्थ्य सेवाको अघिल्लो आ.व.को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । २१ औं महिला स्वास्थ्य स्वयम् सेविका दिवस अवसरमा वक्तृत्व कला प्रतियोगिता समेत सम्पन्न भएको छ ।

८१. कोभिड १९ विरुद्ध खोप लगाएको ५ हजार ६ सय १० जना व्यक्तिहरुलाई खोप लगाएको क्युआर  कार्ड प्रमाणित गरिएको छ ।

८२. चालु आ.व.को मंसिर मसान्तसम्म ११९ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरीक औषधी उपचार सिफारिस समिति मार्फत ८ प्रकारका दीर्घ एवम् जटिल रोगको सिफारिस गरिएको छ ।

८३. दूर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुर्याउने उद्देश्यले हेटौंडा १५ चिप्लेटिमा नियमित संचालन हुने गरी हाललाई १ जना स्वास्थ्य कर्मीबाट सेवा सुचारु गरीदै आईएको छ ।

८४. स्वास्थ्य कर्मीको क्षमता अभिवृद्धि गर्न हेटौंडा १८ स्थित हर्नामाडी स्वास्थ्य चौकीमा सुरक्षित मातृत्व सम्बन्धी अनसाइट कोचिङ, क्षयरोग सम्बन्धी तालिम, नाक कान घाँटी र मुख सम्बन्धी तालिम संचालन, स्वास्थ्य सेवा सूचना प्रणाली सम्बन्धी तालिम प्रदान गरिएको छ ।

८५. स्वास्थ्य सेवाको अवस्था विश्लेषण गरी आगामी दिनमा सेवा सुधार गर्न स्वास्थ्य संस्था प्रमुख तथा फोकल पर्सनहरुको सहभागितामा पोषण, क्षयरोग लगायतका कार्यक्रमहरुको वार्षिक समीक्षा सम्पन्न गरिएको छ ।

८६. उपमहानगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको अवस्थामा पुर्याउन समीक्षा तथा अभिमुखीकरण कार्य सम्पन्न गरिएको छ ।

८७. दूर्गम क्षेत्रमा रहेका महिलाहरुलाई स्वास्थ्य सेवामा आकर्षित गर्न हेटौंडा १ नकौली क्षेत्रका गर्भवती महिलाहरुलाई न्यानो कपडा सहित पोषण प्याकेट वितरण गरिएको छ ।

८८. विश्व एड्स दिवसको अवसरमा एचआईभी संक्रमितहरुलाई ब्याङ्केट तथा न्यानो कपडा वितरण गरिएको छ ।

८९. नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा यस चालु आ.व. मा ४३५ प्याकेट निःशुल्क रगत वितरण कार्य सम्पन्न गरिएको छ ।

९०. हेटौंडा १३ र १६ मा रहेका स्वास्थ्य चौकीहरुलाई आधारभूत अस्पतालमा स्तरोन्नती गरी अस्पताल संचालनको तयारीमा रहेको छ ।

९१. पालिकाका ६ वटा स्वास्थ्य चौकी मध्ये प्रयोगशाला नरहेका स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सुविधाको व्यवस्थाको लागि आवश्यक तयारी गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

९२. शिक्षा विकास तर्फ नगर छात्रवृति विवरण तथा व्यवस्थापन कार्यविधि, भुटनदेवी प्राविधिक क्याम्पस संचालन कार्यविधि, कोचिङ कक्षा संचालन, स्कूल बस संचालन, एमविविएस छात्रवृति, शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधिहरुको मस्यौदा निर्माण कार्य सम्पन्न गरिएको छ ।

९३. नवज्योति मा.वि. मा बौद्धिक अपाङ्ग कक्षा व्यवस्थापन गर्न विद्यालयसँग सम्झौता गरी कार्य अगाडी बढाईएको छ ।

९४. नगर क्षेत्रका ७५ सामुदायिक विद्यालयहरुमा कक्षा ० देखि ६ सम्मका विद्यार्थीहरुलाई दैनिक रु.१५ का दरले खाजा रकम उपलब्ध गराईएको छ ।

९५. बाल दिवसको अवसरमा चित्रकला लगायतका अतिरिक्त क्रियाकलाप सम्पन्न गरिएको छ ।

९६. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा संचालनको लागि आवश्यक पूर्वाधार विकास गर्ने कार्य अन्तर्गत वडा नं. ३ का २ सामुदायिक मा.वि. मा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलापको व्यवस्थापन गरिएको छ ।

९७. नगर क्षेत्र भित्रका विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि युरोगार्ड जडान गर्न विद्यालयहरुबाट प्रस्ताव प्राप्त भई कार्यान्वयन अघि बढाईएको छ ।

९८. नगर क्षेत्र भित्रका ५ सामुदायिक विद्यालयहरुमा नमुना बालविकास कार्यक्रम संचालन गर्न विद्यालयहरुबाट प्रस्ताव प्राप्त भई कार्यान्वयन अघि बढाईएको छ ।

९९. गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति, शैक्षिक सामाग्री सहयोग सम्बन्धित शिक्षण संस्थासँग समन्वय गरी उपलब्ध गराईएको छ ।

१००. नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयका ६ देखि १२ सम्मका छात्राहरुलाई सेनेटरी प्याड वितरण तथा व्यवस्थापन गर्न खरिद प्रक्रिया अगाडी बढाईएको छ ।

१०१. यस अवधिमा वैकल्पिक सिकाई कार्यक्रम, नगर शिक्षा समितिको बैठक सञ्चालन, विद्यालय अनुगमन, सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक बैठक र अन्तक्रिया सम्पन्न भएको छ ।

१०२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत नगर भित्रका सामुदायिक विद्यालयहरुमा पूर्वाधार सुधार र आइसिटी कार्यक्रम कार्यान्वयन गर्न विद्यालयहरुसँग सम्झौता प्रक्रिया अगाडी बढाईएको छ ।

१०३. अन्तरपालिका सम्बन्ध तथा समन्वय विकास अन्तर्गत राक्सिराङ्ग गाउँपालिका वडा नं. ९ को एक नमुना विद्यालयसँग शैक्षिक गुणस्तर सुधार कार्यक्रम अघि बढाईएको छ ।

१०४. आधारभूत तह र माध्यमिक तह शिक्षण सहयोग अनुदान अन्तर्गत आधारभूत तह(६-८) र माध्यमिक तह (९-१०) मा शुन्य वा एक दरबन्दी भएको विद्यालयहरुलाई अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराईएको छ ।

१०५. ENSSURE परियोजना अन्तर्गत वृत्ति मार्ग निर्देशन सम्बन्धी अभिमुखीकरण, विद्यालय पहिचान तथा सम्झौता गरी कार्यान्वयनको चरणमा पुगेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षको २०७९ मंसिर मसान्तसम्मको खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०६. चालु आ.व. को हालसम्मको अवधिमा आय तर्फ संघीय सरकार समानीकरण तथा सशर्त अनुदान तर्फ ५५ करोड ४६ लाख ६ हजार ५८३, प्रदेश सरकार समानीकरण, सशर्त र समपुरक अनुदान तर्फ ३७ लाख ५० हजार, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट तर्फ ६ करोड ७ लाख ६८ हजार ६७५, र आन्तरिक स्रोत कर, राजश्व शुल्क र गत वर्षको नगद मौज्दात अल्या समेत गरी ८७ करोड ८७ लाख ८ हजार ३९९ अर्थात् ५१.७६ प्रतिशत आम्दानी गर्न सफल भएको छ।

१०७. त्यसैगरी खर्च तर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ हालको अवधि सम्म १७ करोड ५८ लाख ६४ हजार अर्थात ४४.२४ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ १ करोड ८० लाख ५२ हजार अर्थात ११.१७ प्रतिशत, पूर्वाधार विकास क्षेत्र तर्फ १३ करोड ६९ लाख ९२ हजार अर्थात १३.३३ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ ३० करोड ७४ लाख १२ हजार अर्थात २८.३७ प्रतिशत र आर्थिक विकास क्षेत्र तर्फ २ करोड ४० लाख ६४ हजार अर्थात ११.१४ प्रतिशत समेत कुल ६६ करोड २३

लाख ८५ हजार अर्थात २२.८४ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ। यस अवधिमा अधिकांश क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु सम्झौता भई कार्य सञ्चालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत खर्चमा कमी देखिएकोमा असार मसान्तसम्मको अवधिमा यसमा उल्लेखनीय प्रगति हुने अपेक्षा लिएको छु ।

१०८. गत २०७९ आषाढ २० मा सम्पन्न ११ औं नगर सभाबाट आ.व. २०७९/८० का लागि कूल बजेट २ अर्ब ७१ करोड ७९ लाख ७२ हजार ८२० रुपैयाँ बराबरको आय व्यय विवरण स्वीकृत भएकोमा गत वर्ष सम्झौता भई रु. ३७ करोड भन्दा बढी जिम्मेवारी सरेका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि थप बजेट व्यवस्थापन सहित नेपाल सरकार तथा प्रदेश सरकारबाट सरुवा भई आउने कर्मचारी र आन्तरिक व्यवस्थापनबाट करार भएका कर्मचारीहरुको तलब भत्ता लगायत सञ्चालन खर्च, यस अवधिमा कार्यपालिकाबाट निर्णय भएका कार्यक्रमहरु जस्तै खानेपानी न्युनतम महशुल भुक्तानी, बालमैत्री स्थानीय शासन कार्यक्रम, भुटनदेवी ईन्जिनियरिङ्ग कलेज संचालन व्यवस्थापन, **सफा हेटौंडाः स्वच्छ हेटौंडा अभियान**, राप्ती तट डम्पिङ्ग साईट निर्माण/सुधार, फोहर व्यवस्थापन उपकरण खरिद, अटोभिलेज लागत सहभागिता, कृषि उपज थोक बजार केन्द्र थप बजेट रकम एवम् माग भई आएका अन्य अत्यावश्यक कार्यक्रमहरुको लागि आन्तरिक स्रोत व्यवस्थापन गरी संशोधित बजेट रु.३ अर्ब ५ करोड प्रस्ताव गरेको छु ।

**नगर सभाका अध्यक्ष महोदय,**

१०९. चालु आर्थिक वर्षको लागि नगर सभाबाट पारित नीति तथा कार्यक्रम र संशोधित बजेटले नगरवासीका जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितीमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु ।

११०. अन्त्यमा चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको प्रगति समीक्षा सहितको संशोधित बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विषयगत समितिका संयोजक एवम् सदस्यहरु, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक

समाज, बुद्धिजीवि, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**